म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

सम्वृद्धि प्रकाशन प्रा. लि.
हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्षः१४ अङ्कः- ११३ २०७९ चैत ३ गते शुक्रबार 17 March 2023, Friday - पृष्ठ ४ मूल्य रू. ५/-




### अल नेपाल नोभिस बक्सिङ

## आज सेमिफाइनल चरणका खेल हुँदै



समाज संवाददाता

हेटौंडाः हेटौंडामा जारी अल नेपाल नोभिस बक्सिङ प्रतियोगिताको सेमीफाइनल समिकरण पूरा भएको छ। सेमिफाइनल चरणका खेलहरु आज हुनेछन्। हेटौंडा-४, पारिजातपथस्थित बहुउद्देश्यीय कभर्डहलमा जारी प्रतियोगिताको सेमिफाइनल चरणमा पुरुषतर्फ ४८ केजी तौल समूहमा ललितपुरका प्रकाश कठायतले अल्फा बक्सिङ क्लबका विकेशलाल बुढा मगरसँग पहिलो प्रतिस्पर्धा गर्नेछ। ४८ केजी तौल समूहको दोस्रो सेमिफाइनलमा भाइभ्सका सन्जय लामा र नक्साल बक्सिङ क्लबका मानव लामाबीच प्रतिस्पर्धा हुनेछ।

५१ केजी तौल समूहको पहिलो सेमिफाइनल खेल अछाम जिल्लाको टिकाराम ऐडी र एबीसी बक्सिङ क्लबका रविन लिम्बुबीच खेल हुनेछ भने दोस्रो सेमीफाइनल खेलमा बक्समाण्डुका प्रवल उप्रेती र प्युठानका निरञ्जन चौधरीबीच खेल हुनेछ। ५४ केजी तौल समूहमा अमृत ठाडारी र दाङका विवेक देवकोटाबीच खेल हुनेछ भने दोस्रो सेमीफाइनल खेल नक्साल बक्सिङ क्लबका पुकार जोशी र अल्पा बक्सिङ क्लबका जीवन महराबीच हुनेछ।

५७ केजी तौल समूहमा डीजीबक्स क्लबका आयुष श्रेष्ठले निर्मल रिजालको समना गर्न बाध्य हुन्छन् भने बक्समाण्डुका आयुष थापाले दमकका ओयल राईबीच खेल हुनेछ। यस्तै ६० केजी तौल समूहमा भाइवका निरञ्जन मुक्तान र कैलालीका सिर्जन बिकबीच पहिलो सेमिफाइनल हुनेछ भने दोस्रो सेमिफाइनलमा एबीसी बक्सिङ क्लबका एलिस शाही र डीजीबक्स बक्सिङ क्लबका सौरभ राईबीच प्रतिस्पर्धा हुनेछ। ६३.५ केजी तौल समूहमा पहिलो सेमिफाइनल खेल नक्साल बक्सिङ क्लबका प्रज्वल श्रेष्ठ र बक्समाण्डुका निमा शेर्पाबीच प्रतिस्पर्धा हुनेछ भने दोस्रो सेमिफाइनल क्लब ललितपुरका विकल्प राई र मकवानपुरका सोहन राईबीच प्रतिस्पर्धा हुनेछ।

६७ केजी तौल समूहको पहिलो सेमिफाइनलमा कञ्चनपुरका साहिल करण मल्लले आभास विक्रम साहसँग प्रतिस्पर्धा गर्नेछ भने दोस्रो सेमिफाइनलमा बक्समाण्डुका लाक्पा शेर्पा र कास्कीका निश्चित भट्टचनबीच खेल हुनेछ। ७१ केजी तौल समूहको पहिलो सेमिफाइनल नक्साल बक्सिङ क्लबका निमा दोर्जे तामाङ र कास्कीका आयुष तामाङबीच खेल हुनेछ भने दोस्रो सेमिफाइनल खेलमा आशिष लामा र प्रवेश बस्नेतबीच खेल हुनेछ। ७५ केजी तौल समूहमा नक्सालका प्रज्वल श्रेष्ठ र सल्यानका दर्शन घर्ती मगर बीच खेल हुनेछ भने दोस्रो सेमिफाइनल खेलमा डिजिबक्सका आयुन श्रेष्ठ र अल्फाका पुष्प गुराँस ओलीबीच प्रतिस्पर्धा हुनेछ।

महिलातर्फ ४८ केजी तौल समूहमा कास्कीकी नायरा मगरले अछामकी निर माया ऐडीसँग सेमिफाइनल चरणको खेल खेल्नेछ। ४८ केजी तौल समूहमै दोस्रो सेमिफाइनल खेलमा बक्समाण्डुकी पूर्णिमा तामाङ र दमककी प्रतिक्षा राईबीच खेल हुनेछ। यस्तै ५० केजी तौल समूहमा युजन श्रेष्ठले मकवानपुरका रोशनी घर्ती मगरसँग खेल्नेछ भने दोस्रो सेमिफाइनलमा चितवनकी तिलमाया सारु मगरले भक्तपुरकी भावना भण्डारीबीच प्रतिस्पर्धा हुनेछ।

५७ केजी तौल समूहको सेमिफाइनलमा दमककी स्मारिका राईले बक्समाडौंकी प्रिती श्रेष्ठसँग खेल्नेछ। ६० केजी तौल समूहमा पहिलो सेमिफाइनल चितवनकी जस्मिन गुरुङ र एबीसीकी सन्ध्या राईबीच खेल हुनेछ भने दोस्रो सेमिफाइनलमा भूमिकी बबिता गोदार क्षेत्री र उदयपुरबाट बिर्सना राईबीच प्रतिस्पर्धा हुनेछ। ६६ केजी तौल समूहमा बक्समाण्डुकी प्रितिषा राईले रेन्जकी सहिंसा विष्टबीच खेल हुनेछ। मंगलबारदेखि सुरु भएको प्रतियोगिताको पहिलो दिन २५ खेल सम्पन्न भएको थियो भने दोस्रो दिन बुधबार ३४ खेल भएको थियो। बिहीबार ३५ खेल भए। प्रतियोगिताको सेमिफाइनल चरणको खेल शुक्रबार हुँदैछ भने फाइनल भोलि शनिबार हुनेछ।

## क्यान इन्फोटेक मेला सुरु, रोबर्टबाट उद्घाटन



समाज संवाददाता

हेटौंडाः हेटौंडामा पहिलो पटक बागमती प्रदेशस्तरीय सूचना-प्रविधि (क्यान इन्फोटेक) मेला सुरु भएको छ। कम्प्युटर एसोसिएसन नेपाल महासंघ मकवानपुर शाखाले आयोजना गरेको मेलाको रोबर्ट प्रयोग गरी बागमती प्रदेशको सामाजिक बिकास मन्त्री कुमारी मुक्तानले उद्घाटन गर्नुभयो।

उद्घाटन कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै मन्त्री मुक्तानले प्रविधि क्षेत्रमा सरकारले जोड दिएको बताउनुभयो। उहाँले प्रविधिमैत्री विकासका लागि बागमती प्रदेशको सामाजिक विकास मन्त्रालयले सकेको प्रयास गरिरहेको र गरिरहने बताउनुभयो। उद्घाटन समारोहलाई सम्बोधन गर्नुहुँदै हेटौंडा उपमहानगर पालिकाकी प्रमुख मिना कुमारी लामाले उपमहानगरपालिकालाई पेपरलेस बनाउने बताउनुभयो। उहाँले हेटौंडालाई स्मार्ट सिटी बनाउने योजना अघि बढाउन अध्ययन भइरहेको पनि जानकारी दिनुभएको छ।

चैत ६ गतेसम्म सञ्चालन हुने मेलामा कम्प्युटर सफ्टवयेर तथा हार्डवेयर, प्रिन्टरलगायत सूचना, प्रविधिका बारेमा प्रदर्शनी र तथा खरिद विक्रीको कार्य हुनेछ भने कम्प्युटर तथा प्रिन्टर लगायत प्रविधिको सर्भिसिङ क्याम्प, एप्लिकेशन डिभाइस, बीमासम्बन्धी प्रदर्शनी तथा विक्री स्टल रहेका छन्। मेलामा कुल ४० वटा स्टल छ।

शुक्रबारदेखि मेलामा रोबर्ट र पब्जी प्रतियोगिता हुनेछ। प्रतियोगितामा राष्ट्रियस्तरका खेलाडीहरुको सहभागिता हुनेछ। रोबर्ट र पब्जी दुवैतर्फ प्रथम, द्वितीय र तृतीय हुनेलाई क्रमशः २५, १५ र १० हजार रुपैयाँ प्रदान गरिने मेलाका संयोजक तथा बागमती प्रदेश अध्यक्ष पुष्पराज पुडासैनीले बताउनुभयो। मेलामा विद्यार्थीलाई १० रुपैयाँ र अन्यलाई २५ रुपैयाँ टिकटको व्यवस्था गरिएको छ। मेलामा इ-टिकटको पनि व्यवस्था छ।

## मुख्यमन्त्री जमकट्टेलले चैत ८ गते विश्वासको मत लिने

समाज संवाददाता

**हेटौंडाः बागमती प्रदेशका मुख्यमन्त्री शालिकराम जमकट्टेलले यहि चैत ८ गते बुधबार विश्वासको मत लिनुहुने भएको छ। मुख्यमन्त्री जमकट्टेलले विश्वासको मत लिने प्रयोजनका लागि प्रदेशसभा सचिवालयले बुधबार दिउँसो ३ बजेका लागि प्रदेशसभा बैठक बोलाएको बागमती प्रदेश सरकारका प्रवक्ता एवम् आर्थिक मामिला तथा योजनामन्त्री जगन्नाथ थपलियाले जानकारी दिनुभयो।**

**केही दिनअघि राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) ले सरकारमा सहभागी भएका आफ्ना ३ जना मन्त्रीलाई फिर्ता बोलाउने र सरकारलाई दिएको समर्थन फिर्ता लिने निर्णय गरेको थियो।**

**गत पुस २६ गते बागमती प्रदेशमा मन्त्रिपरिषद् गठन हुँदा नेकपा एमाले, नेकपा माओवादी केन्द्र र राप्रपाको संयुक्त गठबन्धन बनेको थियो।**

## ६ नम्बर वडा पूर्णखोपयुक्त वडा

समाज संवाददाता

हेटौंडाः हेटौंडा उपमहानगर पालिकाको ६ नम्बर वडा पूर्णखोप तथा पूर्ण संस्थागत सुत्केरी सुनिश्चित वडा घोषणा भएको छ। संघीय सरकारले थालेको पूर्णखोप सुनिश्चितता गर्ने अभियान अन्तर्गत उपमहानगरको पहिलो वडाको रुपमा हेटौंडा-६ ले पूर्णखोप र पूर्ण संस्थागत सुत्केरी सुनिश्चित वडा घोषणा गरेको हो।

बुधबार हेटौंडा उपमहानगर पालिकाकी प्रमुख मीनाकुमारी लामाले पूर्णखोप र पूर्ण संस्थागत सुत्केरी सुनिश्चित वडा घोषणा गर्नुभयो। नगर प्रमुख लामाले १८ महिनादेखि २३ महिनाका बालबालिकाले २ बर्ष उमेर भित्र पूर्णखोप पाएको तथा वडाका सबै गर्भवतिहरु स्वास्थ्य संस्थामा पुगेर सुत्केरी भएको सुनिश्चित गरिएको हुँदा यसलाई भविष्यमा पनि कायम राख्ने प्रतिबद्धता पत्रमा हस्ताक्षर गर्नुभयो।

अभियानको उद्घाटन गर्नुहुँदै नगर प्रमुख लामाले स्वास्थ्य सेवाको स्तर बृद्धिका लागि उपमहानगर लागीरहेको बताउनुभयो। उहाँले स्वास्थ्यमा सुधार सँगै नगरलाई बालमैत्री पालिका घोषणाका लागि सबैको सहयोग आवश्यक भएको स्पष्ट पार्नुभयो। उहाँले नगरवासीलाई स्वास्थ्य सुविधाबाट बञ्चित गराउनु हुँदैन भन्ने उद्देश्यले उपमहानगरले अहिलेसम्म एक हजार चार सय ५२ जनाको निःशुल्क स्वास्थ्य बीमा गरेको जानकारी दिनुभयो। उहाँले भन्नुभयो, "हामी जिम्मेवारीपूर्ण ढंगबाट काम गरिरहेका छौं, यसमा नगरवासीको पनि सहयोग आवश्यक छ।"

घोषणा प्रक्रिया पूरा गर्नका लागि प्रदेश सरकार स्वास्थ्य मन्त्रालय मार्फत वडाको सर्वेक्षण गरी तथ्याङ्कको प्रमाणीकरण निर्देशिका बमोजिम पुरा गरेको स्वास्थ्य चौकीका प्रमुख टिएन ढुङगेलले जानकारी गराउनुभयो। घोषणाका लागि स्वास्थ्य चौकीले वडामा रहेका ८८ बालिबालिकालाई पूर्णखोप दिएको, १०२ जना गर्भवतीले स्वास्थ्य संस्थामा आएर सुत्केरी भएको जानकारी कार्यक्रममा दिइएको थियो।

घोषणासँगै वडामा टोल टोलमा पुगेर स्वास्थ्य परीक्षण गर्ने अभियानको पनि सुरुवात भएको छ। वडामा रहेको २३ वटा टोल विकास संस्थाको घर-घरमा पुगेर स्वास्थ्य अवस्थाको बारे जानकारी लिने अभियानको पनि बुधबारबाटै सुरुवात भएको स्वास्थ्य चौकी प्रमुख ढुङ्गेलले बताउनुभयो। हेटौंडा उपमहानगरपालिका ६ का वडा अध्यक्ष बिष्णुबहादुर दाहालको अध्यक्षतामा भएको कार्यक्रममा हेटौंडा उपमहानगरका प्रमुख प्रशासकीय अधिकृत शिबराज चौलागाई, प्रदेश स्वास्थ्य मन्त्रालयका प्रवक्ता दीपक तिवारीले सम्पन्न भएका कामलाई दीगो बनाउनेतर्फ ध्यान दिन आग्रह गर्नुभयो।









समृद्ध समाज
SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक



# सम्पादकीय

## किशोरावस्थामा आमा नबनौं

सचेत र समुन्नत समाज बन्दै जाँदासमेत बालविवाह रोकिन सकेको छैन । कानुनीरुपमा दण्डनीय रहेको बाल विवाह हाम्रो समाजको कलंक बनिरहेको छ । बालविवाह गर्नु र गराउनु हुँदैन भन्ने सामान्य चेतना सबैलाई भए पनि बालविवाह व्याप्त रहनुले हाम्रो चेतनास्तर उजागर गरेको छ । जिल्लाका केही स्थानीय तहहरु बालमैत्री घोषणा भइसक्दा र अन्य स्थानीय तह बालमैत्री घोषणाको लागि क्रियाशील भइरहँदा समुदायमा बालविवाह बढ्दै जानुलाई सामान्यरुपमा लिन सकिँदैन । बालविवाह बढेकै कारण अन्य जिल्लाका कतिपय पालिकाहरुले विवाहअघि अनुमति लिनुपर्ने व्यवस्था गरेका छन् । बिना अनुमति गरिएको विवाहलाई पञ्जीकरण (दर्ता) नगर्ने र यसबाट उक्त दम्पत्तिले विवाहको कानुनी मान्यता नपाउने अवस्था बन्दछ । विवाह दर्ता नभई उक्त दम्पत्तिबाट जन्मेको बालबालिकाको जन्मदर्तासमेत नहुने भएकाले ती पालिकाहरुले यस्तो उपाय अपनाएका हुनसक्छन् । सामान्यरुपमा हेर्दा हास्यास्पद लागे पनि बालविवाह अन्त्य गर्ने यो एउटा बाध्यात्मक उपाय बन्नसक्छ ।

बालविवाह एउटा सामाजिक समस्या हो । बालविवाहले व्यक्ति, परिवार तथा समाजमा धेरै नकारात्मक असर पर्दछ । बालविवाहले विविधि समस्या भोगिरहेको हाम्रो समाजमा अर्को समस्या थपिएको छ, किशोरी आमा । बालविवाहको नकारात्मक प्रभावमध्येको एउटा महत्वपूर्ण प्रभाव हो, किशोरी आमा । बालविवाहकै कारण किशोरावस्थामा नै आमा बन्नुपर्ने अवस्था बन्ने गरेको छ । मानिसको शारीरिक तथा मानसिक विकासको आधारमा पनि किशोरावस्था पार गरेपछि विवाह गर्नु उचित मानिन्छ । हाम्रो कानुनले पनि २० वर्षभन्दा कम उमेरमा हुने विवाहलाई निषेध गर्नुका साथै विवाह गर्ने र गराउनेलाई सजायको व्यवस्था गरेको छ । यस्ता विवाह भइसकेको रहेछ भने पनि स्वत: बदर हुने व्यवस्था रहेको छ । तर, विवाह भएर बालबच्चा भइसकेपछि विवाह बदर गर्न सहज हुँदैन । जसले गर्दा कलिलै उमेरमा सन्तान जन्माएर शिशु र आमा दुबै जोखिममा पर्ने गरेको पाइन्छ ।

हेटौंडा अस्पतालमा ७ महिनाको अवधिमा ३ सय ८९ जना किशोरी आमा बनेको समाचारले जोकोहीलाई झस्काउँछ । चालु आर्थिक वर्षको साउनदेखि माघसम्मको तथ्यांकले २० वर्षभन्दा कम उमेरमा आमा बन्ने किशोरीको संख्या अधिक देखिएको छ । मासिक औसत ५६ जना किशोरी आमा बनिरहेको यस तथ्यांकले देखाउँछ । ७ महिनाको अवधिमा प्रसुति हुने किशोरीमध्ये दक्ष प्रसुतिकर्मीबाट ३ सय १८ जना, दक्ष स्वास्थ्यकर्मीबाट ३६ जना, अन्य स्वास्थ्यकर्मीबाट २१ जना र घरमा नै प्रसुति हुने १४ जना किशोरी छन् । जिल्लाको १० वटै स्थानीय तहमा २० वर्षभन्दा कम उमेरका ५ सय ६७ जना किशोरीले पहिलोपटक गर्भवती जाँच गराएको तथ्यांक छ । यसले गर्भधारण गर्ने किशोरीको संख्या अझ बढी रहेको देखिन्छ । अस्पतालकै तथ्यांक विश्लेषण गर्दा अस्पतालमा प्रसुति गराउनेमध्ये ७ प्रतिशतभन्दा बढी २० वर्ष मुनिका किशोरी रहने पाइएको छ । किशोरी आमामध्ये कतिपयले २० वर्षभन्दा कम उमेरमै दोस्रो सन्तानसमेत जन्माउने गरेका छन् ।

मोबाइल फोन र सामाजिक सञ्जालको सहज पहुँचले साना उमेरका बालबालिकाबीच प्रेम सम्बन्ध हुने र त्यसले विवाहको रुप लिने क्रम बढाएको छ । किशोरावस्थामा सन्तान जन्माउँदा शिशु र आमा दुबैलाई जोखिम हुने गर्दछ । कम उमेरका गर्भवती महिलाले नर्मल बच्चा जन्माउन नसक्ने र अप्रेशन गर्नुपर्ने अवस्था बढी हुने गर्दछ । उनीहरुमा सुत्केरी हुने समयमा रक्तश्राव धेरै हुने, समय नपुगी प्रसुति हुने, बच्चा खेर जाने र आमा तथा बच्चा दुबैलाई ज्यानको जोखिम रहने गर्दछ । कानुनीरुपमा दण्डनीय र जैविक एवम् सामाजिक रुपमा अनुपयुक्त मानिएको बालविवाह अन्त्य नभएसम्म किशोरी आमा बन्ने क्रम रोक्न सकिन्न । कानुनीरुपमा दण्डनीय रहेको बालविवाहलाई निरुत्साहित पार्न सचेतना वृद्धिसँगै कानुनको प्रभावकारी कार्यान्वयन हुनु आवश्यक छ ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | फापरबारी इलाका ६२१९८० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | चित्लाङ इलाका ६२१००० |
| ट्राफिक प्रहरी १०३ | वारुण यन्त्र १०१ |
| वडा प्रहरी ५२०२९९ | बालबालिका खोजतलास केन्द्र १०४ |
| पशुपतिनगर इलाका ५२०५९८ | बाल हेल्पलाइन १०९८ |
| मनहरी इलाका ९८५५०९०१६१ | हेलो सरकार ११११ |
| भीमफेदी इलाका ६९१४६२ | नेपाल टेलिकम सोधपुछ १९७ |
| पालुङ इलाका ६२०४६७ | |

## तपाईंको राशिफल



पं. ज्योतिषः तोयानाथ सुवेदी
ॐ तुलसी मेडीकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

**मेष** : आफ्नो पढाइ–लेखाइ मध्यमकारक देखिन्छ ।
**वृष** : शैक्षिक र भौतिक क्षेत्रबाट लाभ प्राप्त होला ।
**मिथुन** : आत्मसंयम अपनाउँदा राम्रो रहने योग छ ।
**कर्कट** : सामाजिक र परोपकारजन्य काममा सरिक भइने छ ।
**सिंह** : लेखाइ–पढाइ मध्यमकारक रहने समयको योग छ ।
**कन्या** : आर्थिक कारणले मानसिक तनाव बढ्ने समयको योग छ ।
**तुला** : लेखाइका कामबाट त्यति लाभ नहोला ।
**वृश्चिक** : यान–वाहनसँग सजगता अपनाउँदा राम्रो ।
**धनु** : शारीरिक अस्वस्थता बढ्ने समय योग छ ।
**मकर** : व्यापार–व्यवसाय ठिकै रहने समयको योग छ ।
**कुम्भ** : स्वास्थ्य क्षेत्रमा ख्याल राख्दा राम्रो रहन्छ ।
**मीन** : धार्मिक तथा सामाजिक काममा सरिक भइने समय छ ।

# आशा र मुक्तिको ‘मायाजाल’



मनिकर कार्की



‘आशा’ एउटा यस्तो अस्त्र हो जसले व्यक्ति, समाज, राष्ट्र र समग्र संसारलाई नै गतिशील बनाएको हुन्छ । कुनै चिज प्राप्तिको सशक्त इच्छा वा सकारात्मक प्रतिफलको अपेक्षा नै आशा हो । मानव जीवनका लागि आशा एक औजार हो जसले सकारात्मक सोच र परिणामतर्फ दिशाबोध गर्दछ। त्यसैले जनतामा जागृत गराइने ‘आशा’ नै राजनीतिको मुख्य आधार हो ।

राजनीतिक दलहरूले त्यही आशाको बीजारोपण गरेर राजनीति धान्ने काम गरिरहेका छन्। अमेरिकी मनोविद् सी.आर. स्यान्डरको ‘आशाको सिद्धान्त’ अनुसार मानवीय मनोविज्ञानमा अन्तरनिहित सकारात्मक उत्प्रेरणा जनाउने तत्व नै आशा हो। यस्तो आशाले व्यक्तिलाई निश्चित उद्देश्य र लक्ष्यहरू निर्धारण गरी त्यस दिशातर्फको यात्रा गर्न उत्प्रेरित गर्दछ ।

त्यही आशाको त्यान्द्रो नै राजनीतिको मियो हो । आम जनतालाई निश्चित एजेण्डाप्रति आशा जगाउनु र जगाउन सक्नु नै राजनीतिको मुख्य विषय हो । त्यसैले राजनीतिमा आशा एक जीवन्त एजेण्डा बन्न पुगेको छ ।

सबैले कुनै न कुनै रूपमा आशा जगाएकै हुन्छन्। वास्तवमा जनताले अपेक्षा गर्ने आशाभित्रका अन्तरवस्तु नै राजनीतिका एजेण्डा हुन् । राजनीतिक दल र तिनको नेतृत्वले सही आशा जगाउनु र त्यो आशालाई वास्तविकतामा परिणत गर्ने उद्देश्य, लक्ष्य र मार्गचित्र प्रस्तुत गरी त्यसतर्फको यात्रा गर्नु/गराउनु नै सही राजनीतिको कार्ययोजना हो ।

नेपाली राजनीतिले पटक-पटक आशाको सञ्चार गरायो । तर, आशालाई सार्थकतामा बदल्ने उद्देश्य र लक्ष्य अनि मार्गचित्र अनुरूप कार्ययोजना लागू हुन नसक्दा जनताले जागृत गरेको आशामा जहिल्यै तुषारापात हुने गरेको छ । मूलधारका सबैजसो राजनीतिक दलहरुले पटक-पटक आशा जागृत गराए । उनीहरूको उदयको पछाडि जनतामा जागृत आशा नै मुख्य कारण हो ।

सन् १९५० को राजनीतिक परिवर्तनसँगै सुरु भएको नेपालको आधुनिक राजनीतिक इतिहासमा दलहरूले पटक-पटक आशा जागृत गराए। जनता त्यही आशालाई आफ्नो सपना ठानेर हरेक राजनीतिक संघर्षहरुमा सहभागी हुँदै आए । अनि पटक-पटकको राजनीतिक संघर्षले मुलुकको शासन व्यवस्थामा परिवर्तन पनि संभव भयो। तर, त्यो परिवर्तनले जनताको दैनिकीमा देखिने बदलाव ल्याउन सकेको छैन । आखिर किन ? किन दलहरूको बाचा झुटा साबित भइरहेका छन् ?

यो सात दशकको राजनीतिक इतिहासलाई क्यानभासमा उतार्ने हो भने पुरानादेखि नयाँसम्म, पारम्परिकदेखि वैकल्पिकसम्म, कम्युनिष्टदेखि कांग्रेससम्मका दलहरुले विभिन्न कालखण्डमा जागृत गराएका आशाले जनजीवनमा उल्लेख्य परिवर्तन ल्याउन सकेन ।

राजनीतिक रुपमा धेरै उपलब्धि भएको देखिए पनि ती उपलब्धिहरुलाई नयाँ कलेवरमा प्रस्तुत गर्न सकिएको छैन । राजनीतिक परिवर्तनले जनताको दैनिकीमा देखिने रूपान्तरण ल्याउन सकेको छैन । भएका अर्थ-राजनीतिक परिवर्तनले जनताको आवश्यकता, भावना र चाहना सम्बोधन गर्न असफल भएका छन् । परिणामतः दलहरूले जगाएको आशा पनि केवल मृगमरीचिकामै सीमित भएको छ ।

मुलुकमा राजनीतिक संघर्षसँगै आदिवासी जनजाति, दलित, महिला, मधेशी, थारु, मुस्लिमसहित अल्पसंख्यक समुदायको ‘मुक्ति’को आन्दोलन पनि चर्कियो । समग्रमा यी सबै आन्दोलनको उपलब्धिकै रूपमा संघीय लोकतान्त्रिक गणतन्त्रको उपलब्धि पनि हासिल भएको हो । तर, यी उपलब्धिले जनताको दैनिकी बदल्न भने सकेको छैन ।

आर्थिक रुपान्तरणसँगै सामाजिक हैसियत बढ्न सकेको छैन । त्यसैले नेपालको अर्थ-राजनीति ‘मुक्तिको मायाजाल’ मै रुमल्लिएको देखिन्छ ।

आखिर राजनीतिक संघर्षका दौरान प्रयोग गरिने मुक्ति के हो ? कसको मुक्ति र कोबाट मुक्ति पाउने हो ? अनि मुक्ति पाएर जाने कहाँ हो ? यी केही प्रश्नमा घोत्लिंदै जाँदा यो मुक्ति आन्दोलनको भाष्य नै आफैंमा अमूर्त पो भयो कि भन्ने आभास हुन्छ ।

मुक्ति आन्दोलनको भाष्य निर्माणमा १० वर्षे युद्धमार्फत उदाएका माओवादीहरुले निकै योगदान गरेका छन्। तर, तिनले निर्माण गरेको मुक्तिको भाष्य आफैंमा अमूर्त रहेछ भन्ने व्यवहारतः प्रमाणित भएको छ ।

किनकि ‘मुक्ति आन्दोलन’ पनि भ्रममिश्रित आशा हुन पुगेको छ । राजनीतिमा कुनै एजेण्डामार्फत आशाको संचार गरिन्छ । त्यो आशा नै राजनीति गर्ने माध्यम बन्छ। राजनीतिक दलहरुले अनेकन् भ्रममार्फत आशा स्थापित गरिदिन्छन्। अनि समयक्रमसँगै जब भ्रम चिरिंदै जान्छ, तब आशा पनि घट्दै जान्छ।

वर्षात पछि आकाशको कालो बादल फाटे जस्तै समयसँगै भ्रमको बादल पनि फाट्दै जान्छ । जब जनता भ्रममिश्रित आशाबाट निरपेक्ष हुन खोज्छन्, तब फेरि राजनीतिक नेतृत्वले भय सिर्जना गरिदिन्छ। त्यो भयले पुनः भ्रमलाई जगाउँछ । त्यो भ्रम जनस्तरसम्म पुग्दा पुनः अर्को आशामा परिणत भइदिन्छ। यसर्थ, हाम्रो राजनीतिले पनि त्यही भ्रम र भयमिश्रित आशाको गोलचक्कर काटिरहेको छ।

सन् १९९६ को सुरुवातीसँगै तत्कालीन नेकपा माओवादीले दीर्घकालीन युद्धको अर्थ-राजनीतिक खाका कोर्दै गर्दा ‘जनताको वर्गीय मुक्ति’ लाई मुख्य लक्ष्य बनाएको थियो। जनताको मुक्तिको भाष्य निर्माणका क्रममा तत्कालीन संयुक्त जनमोर्चाका नेता बाबुराम भट्टराईले जनजीविका र राष्ट्रियतासँग सम्बन्धित ४० बुँदे मागपत्रको अर्थ-राजनीतिक खाका प्रस्तुत गर्दै दीर्घकालीन युद्धको बाटो अख्तियार गरेको थियो ।

जसै युद्धले गति लियो, १० वर्षले मुलुकको अर्थ-राजनीतिक संरचनाहरु हल्लाइदियो । आर्थिक, सामाजिक, राजनीतिक एवं सांस्कृतिक जीवनमा नयाँ मूल्यहरुको खोजी भयो। जनताले साँच्चिकै आशामुखी नजरबाटै युद्धलाई हेरेका थिए । तथापि युद्धका क्रममा भएका अनेकन् त्रासदीपूर्ण घटनाहरु भने अहिले पनि द्वन्द्वको घाउको रुपमा आलै छन् ।

राज्य र विद्रोही दुवै पक्षबाट पीडित नागरिकका घरपरिवार अहिले पनि न्यायको लागि भौंतारिरहेका छन् । आफन्तको सन्तापमा अनवरत आँशु बगाउँदा आँशु सुकेका सुख्खा आँखाहरुमा अभिव्यक्त अनुत्तरित प्रश्नले अहिले पनि तर्साउँछ। युद्धका घटनाहरुलाई समग्रतामा हल गर्दै तिनको न्यायिक निरुपण हुन नसक्दा समाजमा द्वन्द्व बढ्दै जानसक्ने खतरा देखापर्छ ।

जनताको मुक्तिको उद्घोषसहित सुरु भएको युद्धले विभिन्न चरण पार गर्‍यो । कहिले सफलता त कहिले असफलताका अनेकन् शृंखला पार गर्दै प्रचारात्मक, रक्षात्मक, छापामार हुँदै प्रत्याक्रमणको चरणसम्म आइपुग्दा ‘युद्ध’को भाष्य पनि विस्तारिँदै गयो। युद्ध किन भन्ने सवालमा एउटै स्लोगन जस्तो उत्तरको सिर्जना भयो- ‘यो मुलुकमा विद्यमान क्षेत्रीय, वर्गीय, लिंगीय, जातीय, भाषिक अनि धार्मिक एवं सांस्कृतिक मुक्तिका लागि दीर्घकालीन जनयुद्ध !’

अनि युद्धकालभर ‘मुक्ति’ शब्द यति प्रिय बन्यो कि मिलिसियादेखि लडाकुसम्म अनि सामान्य समर्थकदेखि सुप्रिमोसम्म सबैले मुक्तिकै भाष्य प्रयोग गरे । अनि मुक्ति शब्दको व्यापकता पनि यति बढ्यो कि केही जनवर्गीय संगठनहरूको नामको पछाडि ‘मुक्ति मोर्चा’ को पुच्छर अनिवार्य जोडियो । जस्तैः मगर मुक्ति मोर्चा, थारु मुक्ति मोर्चा, मधेशी मुक्ति मोर्चा, महिला मुक्ति मोर्चा, दलित मुक्ति मोर्चा यस्तै, यस्तै ।

यी सबै प्रयत्नहरुले हरेक जातीय, भाषिक, सांस्कृतिक वा अन्य सीमान्तकृत समुदायलाई आफ्नो हक, अधिकार र पहिचानका लागि लड्न उत्प्रेरित पनि गर्‍यो र त्यही मुक्ति आन्दोलनको बलमा युद्धले उचाइ पनि हासिल गर्‍यो ।

सन् २००६ मा माओवादी तत्कालीन सात राजनीतिक दलहरूसँग १२ बुँदे सम्झौता गरी जनआन्दोलनमार्फत शान्तिपूर्ण राजनीतिमा आयो । शान्ति सम्झौतामार्फत खुला राजनीतिमा उदाएको तत्कालीन नेकपा माओवादीले सन् २००८ अप्रिलमा सम्पन्न पहिलो संविधानसभाको निर्वाचनमा सबैलाई चक्मा खुवाइदिने गरी जनमत पायो । त्यो जनमतमा त्यही भ्रम र भयमिश्रति आशा थियो ।

विद्रोहलाई शान्तिपूर्ण अवतरण गर्दै खुला राजनीतिमा आएको र तत्कालीन पुराना संसदवादी दलहरुको फोहोरी राजनीतिबाट दिक्क बनेका नागरिकले विकल्पको रुपमा उदाएको माओवादीलाई विश्वास पनि गरे ।

त्यो बेला माओवादीसँग भएको बन्दुक संयुक्त राष्ट्रसंघको निगरानीमा थियो भने लडाकुहरु अस्थायी शिविरमा परेड खेल्दै थिए। नेपालका लागि बन्दुकसहितको राजनीतिक शक्ति निर्वाचनमा गएको त्यो पहिलो घटना थियो ।

निर्वाचनमा जसै माओवादीले अधिक जनमत पायो, संभवतः त्यो उसका लागि निकै भारी पनि भयो । त्यसपछि माओवादीको शान्तिकालीन राजनीति बढी उच्छृंखलतातिर उद्यत देखियो ।

बोली र लेख्यमा जहिल्यै ‘मुक्ति’ का कुरा, व्यवहारमा चैं आफ्नै उन्मुक्तिलाई ध्यान दिए जस्तो भयो । सोही समयदेखि माओवादीले स्थापित गरेको मुक्ति आन्दोलनको भ्रमयुक्त मायाजाल पनि घट्दै गयो ।

प्रश्न उब्जिन थाल्यो कि त्यो मुक्ति के हो ? कसरी हुन्छ मुक्ति ? अनि कोबाट मुक्ति ? मुक्तिपछिको अवस्था के हुने ? मुक्तिपछिको व्यवस्थापन कसले र कसरी गर्ने ? मुक्तिका आर्थिक, सामाजिक अनि सांस्कृतिक रुपान्तरणका कार्यक्रमहरु के के हुन् ? त्यसले कसरी काम गर्छ ? एउटा व्यक्तिको निजी जीवनको अर्थतन्त्र कसरी संचालित हुन्छ ? मुक्तिका गीत, कथा, कविता गाउँदै गर्दा, साहित्य सिर्जना गर्दै गर्दा यसका आर्थिक सवालहरु सतहमै आउन सकेनन् । परिणामतः मुक्तिको मायाजाल केवल डकुमेन्ट, साहित्य र यदाकदा नेतृत्वको भाषणमै सीमित हुनपुग्यो ।

मुक्तिको उद्घोषले जुन राजनीतिक परिवर्तन ल्यायो, त्यसले सत्ताको संरचनामा कुनै बदलाव आउन सकेन । ‘जनयुद्ध’ हुँदै विभिन्न खाले आन्दोलन र राजनीतिक संघर्षले व्यवस्थाको स्वरुप त बदल्यो तर, सारतः सत्ताको संरचना बदल्न सकेन । सत्ताको रङमा कुनै बदलाव आएन । सत्ताको उही विभेदी रङ कायमै रह्यो । अनि मुक्तिको गीतमार्फत उदाएको नेतृत्व पनि त्यही विभेदकारी सत्ताको फलोअर मात्रै बन्न पुग्यो ।

मुक्तिको राजनीतिले व्यक्तिलाई स्थापित गरिदियो र समाजमा पनि क्रमशः व्यक्तिपूजक मानसिकता हावी हुँदै गयो । राज्यसत्ताको संरचना परिवर्तनले मात्रै त्यो मुक्तिको बृहत् आर्थिक अनि सामाजिक रुपान्तरणलाई साथ दिन्थ्यो। त्यो संरचनाको बदलावले मात्रै मान्छेले मुक्तिको आभास पाउँथ्यो । त्यो संरचनाको बदलावले मात्रै व्यक्तिको जीवनमा बहार ल्याउन सक्थ्यो। व्यक्तिको अवस्थामा बदलाव आउन सक्थ्यो। तर, त्यसो हुन सकेन। शासकहरु बदलिएको जस्तो देखियो तर, उनीहरु त पुरानै चालढाल अनि भावभंगी सहितका नयाँ पहिरनमा पो प्रकट भए ।

त्यसो त व्यवस्था र शासक नै बदलिंदा पनि नपुग्ने रहेछ। जसरी शासक महिला हुँदैमा महिला मुक्ति हुँदैन, कथित कम्युनिष्टहरुको शासन भयो भने पनि वर्गीय मुक्ति चैं हुँदैन रहेछ भन्ने कुरा नेपालकै अनुभवबाट सिक्न सकिन्छ । त्यसैले व्यवस्थापनमा मात्र होइन, राज्यसत्ताको चरित्र अनि नेतृत्वको सक्षमता पनि निकै महत्वपूर्ण हुनेरहेछ । खास परिवर्तनको लय चैं राज्यसत्ताको चरित्र अनि नेतृत्वको सक्षमतामै निर्भर हुने रहेछ न कि मुक्तिको कथा र क्रान्ति नायकको गाथामा ।

हो, जसरी वस्तुको भौतिक स्वरूप र आकृतिले त्यसको चरित्र अनि गुण ठम्याउन सकिंदैन त्यसैगरी क्रान्ति र मुक्तिका सीधा कुराले मात्रै परिवर्तनको उद्देश्य पूरा नहुने गरेछ । विज्ञान भन्छ- पदार्थको स्वरुप हैन, त्यसमा रहेको अणुहरु प्रधान पक्ष हुन्। अणु परमाणुहरुले पदार्थको चरित्र निर्धारण गर्दछ। भौतिक विज्ञानको यो नियम समाज विज्ञानमा अनि र ाजनीतिक विज्ञानमा पनि लागू हुन्छ ।

‘मुक्तिको मायाजाल’मार्फत ‘जनयुद्ध’लाई उचाइमा पुर्‍याएको माओवादीले पनि खुल्ला राजनीतिमा भने त्यो मुक्तिको भ्रमलाई बरकरार राख्न सकेन र सक्ने कुरा पनि थिएन । किनकि मुक्ति आफैंमा अमूर्त शब्दावली हो। मुक्तिको सामाजिक, आर्थिक, राजनीतिक र सांस्कृतिक अवयवहरु खुट्याउन उति सजिलो छैन ।

फेरि एजेण्डालाई यथार्थमा बदल्ने अर्थ-राजनीतिक कार्यक्रम मार्फत हो । आफैंले विगतमा लगाएका मुक्तिको नारालाई यथार्थमा बदल्ने अर्थ-राजनीतिक कार्ययोजना निर्माण गर्ने सन्दर्भमा माओवादी चुकेको देखिन्छ । त्यसैले माओवादीको मुक्तिको भाष्य केवल साहित्यमै सीमित भयो, यथार्थमा रुपान्तरित हुन सकेन। तथापि यी यावत् कमी-कमजोरी एवं दुखान्तका बावजुद नेपालमा युद्धले राजनीतिक परिवर्तनका लागि भने निकै महत्वपूर्ण भूमिका खेलेको छ । यसै आन्दोलनको जगमा अहिलेको राजनीतिक परिवर्तन संभव भएको हो ।

तर, यही उपलब्धिको गीतले मात्रै अबको राजनीति धान्न सकिने देखिंदैन । जनताको दैनिक जीवनस्तर बदल्ने र जनतालाई परिवर्तनको लाभांश दिने गरी काम हुन नसक्दा यो उपलब्धिहरुप्रति नै प्रश्न उब्जिन थालिसकेको छ । त्यसैले अब पनि मुक्तिको गीत गाउने भन्दा जनताको दैनिकी सहज हुने आर्थिक, सामाजिक मुद्दाहरूमा काम गर्नु जरूरी देखिन्छ । मुक्तिको मायाजालमा भुलिर हने हैन, अभावमा जेलिएको दैनिकीलाई सहज बनाउने राजनीति जरूरी छ ।

...बाँकी पृष्ठ ३ मा

# स्ववियु सत्ताको रुपमा विकास हुनुहुँदैन



श्रवण बर्तौला, अध्यक्ष
अनेरास्ववियु क्रान्तिकारी मकवानपुर



भुवन मैनाली, अध्यक्ष
अनेरास्ववियु मकवानपुर



सुबास सापकोटा, अध्यक्ष
नेविसंघ मकवानपुर

पर्सी चैत ५ गते आइतबार त्रिभुवन विश्वविद्यालय अन्तर्गतका देशभरका सामुदायिक तथा आंगिक क्याम्पसहरुमा स्वतन्त्र विद्यार्थी युनियनको निर्वाचन हुँदैछ । स्ववियुको आवधिक निर्वाचन हुन सकेको छैन । त्रिभुवन विश्वविद्यालयले अनुकुलतामा निर्वाचन गर्ने गरेको छ । नेपाली समाजमा आम निर्वाचन होस् या स्ववियु निर्वाचन अन्तिम समयसम्म पनि निर्वाचन हुन्छ र ? भनेर आशंका व्यक्त गर्ने गरिन्छ । मकवानपुरका ८ वटा क्याम्पस मध्ये थाहा नगरपालिकास्थित पालुङ बहुमुखी क्याम्पसमा सर्वसम्मत स्ववियुका पदाधिकारी तथा सदस्य निर्वाचित भएका छन् । बाँकी ७ वटा क्याम्पसमा आगामी आइतबार हुने निर्वाचनबाट स्ववियु पुनर्स्थापित हुनेछ । मकवानपुर जिल्लाका क्याम्पसमा स्ववियु निर्वाचनमा सहभागी हुँदै गरेको तीनवटा विद्यार्थी संगठनका जिल्ला अध्यक्षसँग समृद्ध समाज दैनिकका सम्पादक सुरेश श्रेष्ठले कुराकानी गर्नुभएको छ ।

**तपाईहरुको यो गठबन्धनले स्ववियु निर्वाचनलाई कसरी उपयोग गर्ने गरी तयारी गरिरहनुभएको छ ?**

**श्रवण**: समग्र शैक्षिक, सामाजिक, राजनीतिक आन्दोलनले निर्माण गरेको समष्टिरुप यो स्वतन्त्र विद्यार्थी युनियन हो । स्ववियुको निर्वाचन धेरै समयपछि त्रिविले घोषणा गरेको छ । निर्वाचन घोषणा भएपछि देशैभरका क्याम्पसहरुमा निर्वाचनको लहर छरेको छ । हामीले स्ववियुको निर्वाचनलाई विद्यार्थीको एउटा पर्वको रुपमा लिएका छौँ । हामीले यो देशमा अहिले नयाँ ढङ्गको शैक्षिक प्रणालीको आवश्यकता महसुस गरेका छौँ । यहाँको शिक्षा प्रणालीमा निजीकरण व्याप्त रुपमा मौलाएको छ । शिक्षाको व्यापार हुन गएको छ । त्यसकारण हामी निर्वाचनको उपयोग गरेर यसलाई हटाउनका लागि नयाँ शैक्षिक आन्दोलनको शुरुवात गर्न लागीपरेका छौँ ।

**विश्वविद्यालय तहको शैक्षिक विषयमा के-के मुद्दाहरु रहन्छ ?**

**श्रवण**: विश्वविद्यालय तहको सामुदायिक शिक्षालाई कस्तो बनाउने भन्ने विषयमा हाम्रो संगठन केन्द्रबाटै बहस गरिरहेको छ । समयमा स्ववियुको निर्वाचन हुन नसकेकाले विद्यार्थी आन्दोलन अहिले सुस्ताएको अवस्था छ । त्यसकारण हामी यो सुस्ताएको शैक्षिक आन्दोलनलाई उजागर गरी विभिन्न शैक्षिक मुद्दाहरु उठाउने प्रयास गर्दैछौँ ।

**स्ववियुको निर्वाचनमा नेविसंघको मुद्दाहरु के-के छन् ?**

**सुवास**: स्ववियु नितान्त विद्यार्थी हकहित र विद्यार्थीका समस्याहरुको उजागरका लागि परिकल्पना भएको हो । तर अहिले विद्यार्थी संगठनहरु स्ववियुको परिकल्पना भन्दा केही बाहिर गएको देखिन्छ । शैक्षिक आन्दोलनमा केन्द्रित हुनुपर्ने विद्यार्थी संगठनहरु बढी राजनीतिक आन्दोलनमा लागेकाले शैक्षिक आन्दोलन कमजोर भएको पाइन्छ । त्यसैले नेविसंघले मकवानपुरमा स्ववियुमार्फत विद्यार्थीको समस्या, अधिकार र शिक्षामा भएका विकृतिहरुको विरुद्धको मुद्दाहरु उठाउँदै र बोल्दै आएका छौँ ।

**विश्वविद्यालय तहको शैक्षिक क्षेत्रमा रहेका विकृतिहरु के-के देख्नुभएको छ ?**

**सुवास**: नेपालको शिक्षा निजी र सामुदायिक गरी दुई किसिममा वर्गीकरण गरेको पाइन्छ । निजी कलेजका सञ्चालकहरु सामुदायिक कलेजहरुसँगै जोडेर सामुदायिक कलेजहरुको शिक्षाको गुणस्तरलाई कमजोर बनाई, सामुदायिक कलेजलाई ध्वस्त बनाउने रणनीतिमा रहेको देखिन्छ । सामान्य तथा निम्न वर्गका विद्यार्थीले पनि सामुदायिक कलेजमा गएर गुणस्तरीय शिक्षा नपाइरहेको अवस्था पनि रहेका छ ।

**मकवानपुरको शैक्षिक आन्दोलनमा अनेरास्ववियुको भूमिका कस्तो रहन्छ ?**

**भुवन**: मकवानपुरको शैक्षिक आन्दोलनमा अखिलको उल्लेखनीय भूमिका रहेको छ । पहिल्यैदेखि हाम्रो अनेरास्ववियुले सशक्त प्रस्तुति दिँदै आएको छ । यसै सन्दर्भमा आगामी चैत्र ५ गते हुने स्ववियु निर्वाचनमा उम्मेदवार भएर निर्वाचित भइरहँदा सामुदायिक विद्यालय र कलेजहरुको शैक्षिक गुणस्तर र शिक्षामा समानताको विषयलाई प्रमुख मुद्दा बनाउने छौँ । शिक्षाबाट कोही पनि वञ्चित हुन नपरोस् भन्ने नै अनेरास्ववियुको मूल उद्देश्य हो ।

**निर्वाचनको मुखमा आएर मात्र यस्ता मुद्दा उठाउनुपर्ने आवश्यकता किन आउँछ ?**

**भुवन**: निर्वाचनको समयमा यस्ता कुरा आउनु सामान्य हो । तर अनेरास्ववियु निर्वाचन भएपनि नभएपनि विद्यार्थी हकहित र शैक्षिक मुद्दाका लागि सधैं अग्रसर हुने संगठन हो । किनकी अनेरास्ववियुले मकवानपुरको हरेक शैक्षिक क्षेत्रमा संगठन निर्माण, त्यहाँ भएका विभिन्न शैक्षिक विसङ्गति तथा विकृतिको विरुद्धमा सशक्त रुपमाा आवाज उठाउँदै आएको छ ।

**स्ववियुले उठाएका शैक्षिक आन्दोलनको उपलब्धिहरु के-के देख्नुभएको छ ?**

**सुवास**: हिजो स्ववियु निर्वाचन हुनुभन्दा अगाडि आम विद्यार्थीले आफ्ना समस्याहरु कलेज प्रशासनसम्म राख्न नसकिरहेको अवस्था थियो । स्ववियु निर्वाचन मार्फत निर्वाचित विद्यार्थी संगठनहरुका कारण अहिले यो सामान्य रुपमा परिणत भएको छ । समस्यामा परेका आम विद्यार्थीको आवाज बनेर कलेज प्रशासनसमक्ष राखेर त्यसको समाधान पनि स्ववियुले गर्दै आएको छ । हाम्रो नेविसंघले निर्वाचन नभएको समयमा पनि सधै विद्यार्थी माझ रहँदै आएका थियौँ र शैक्षिक विकृतिविरुद्धको आवाज बन्दै आएका थियौँ । प्रत्येक बर्ष अनावश्यक रुपमा सामुदायिक तथा निजी कलेजहरुले बढाएको शुल्कको विषयलाई लिएर पनि हाम्रो नेविसंघले आवाज उठाउँदै आएको छ । जसले गर्दा निम्न वर्गका विद्यार्थी समेत पढाइबाट वञ्चित हुन रोकेको छ । विद्यार्थी आन्दोलन कै कारण अहिले केही हदसम्म शैक्षिक विकृतिहरु कम हुन गएको छ ।

**तपाईको संगठनले के के आधार मानेर उम्मेदवार छनौट गरेको छ ?**

**भुवन**: उम्मेदवार छनौटको क्रममा २८ बर्ष हदबन्धी अनुसार नै मकवानपुरका विभिन्न विद्यालयमा उम्मेदवारी छनौट गरेको छ । त्यसमा हामीले प्रारम्भिक क्याम्पस कमिटीको सिफारिस अन्तर्गत रही उम्मेदवारी छनौट गरेका छौँ । क्याम्पसका विद्यार्थीहरुसँग समन्वय गरेर काम गरिरहेका र विद्यार्थीका हकहितका लागि लागीपरेका विद्यार्थी साथीहरु उम्मेदवार बन्नु भएको छ ।

**स्ववियुले कस्ता मुद्दालाई उठाएर स्थापित हुनुपर्छ ?**

**श्रवण**: निर्वाचित भएर गइसकेपछि स्ववियुले मुख्यत: त्यहाँ भित्रका शैक्षिक, राजनीतिक, सामाजिक र आर्थिक मुद्दाहरु निष्पक्ष रुपमा उठाउनु पर्दछ । स्ववियु सत्ताको रुपमा विकास हुनुहुँदैन । स्ववियु संघर्षको मोर्चाको रुपमा विकास गर्नुपर्दछ ।

# मकवानपुर बालविद्या सदन

हेटौंडा-१८, खड्कुले

## बाबा



**कृषव अधिकारी**
**कक्षा-९**

आमाले जन्माउनु भो, हुर्काउनु भो बाबाले
रोएर मागें होला कति लेराउनु भो बाबाले
बोकीबोकी काँधमा घुमाउनु भो बाबाले
भनेको कुरा सबै पुराउनु भो बाबाले

घरबाट टाढा हुने कस्तो बाध्यता आयो
सिक्ने चाहनाले मलाई आज टाढा बनायो
कामको चाहनाले बाबाको व्यस्तता बढायो
खुसी पार्न हामीलाई दिनरात पसिना बगाउनु भो

एकदिन म अवस्य असल छोरा बन्नेछु
तपाईं सामु उभिएर तपाइलाई म भन्नेछु
तपाईंको सबै दु:ख मेरो शिरमा लिनेछु
यसको लागि जस्तो सुकै मिहिनेत म गर्नेछु ।

## मलाई मनपर्ने खेलाडी



**अंकित अधिकारी**
**कक्षा-९**

७ वटा बालेनडेओर नाममा छ उसको
विश्वकप जित्ने दम पनि छ जसको
लियोनल मेस्सी नाम हो उसको

खुट्टामा छ जादु उसको
विश्व नै चकित छ खेलले जसको
लियोनल मेस्सी नाम हो उसको

मनमा छैन घमण्ड उसको
सबै भन्दा धेरै समर्थन छ जसको
लियोनल मेस्सी नाम हो उसको

सबै मानिसमा प्रेरणा छ उसको
६ थान गोल्डेन बूट नाममा छ जसको
लियोनल मेस्सी नाम हो उसको

## आशा र...

तर, दु:खद् पक्ष चैं के छ भने अझै पनि राजनीतिक डबलीमा 'जनताका छोराछोरीको भविष्य' भन्दा शहीदको सपनाकै व्यापारमा राजनीतिक नेतृत्व मग्न देखिन्छ । उनीहरू अहिले पनि जनतालाई प्रत्यक्ष डेलिभरी दिने जनजीविकाका सवालमा पैरवी गर्नुभन्दा फेरि जनतालाई विगतको भय मार्फत त्यही आशाको बीउ रोप्ने प्रयत्न गर्दैछन् ।

*(स्रोत: अनलाईनखबर)*


सामुदायिक रेडियो, रेडियो निकास ९३.४ मेगाहर्ज सुनौं र सुनाऔं







## शिक्षक आवश्यकता

*सूचना प्रकाशित मिति : २०७९/१२/०३ गते*

प्रस्तुत विषयमा बागमती गाउँपालिका मकवानपुर झुरझुरेको मिति २०७९/१२/०१ को च.नं. १४२५ को प्राप्त विज्ञापन अनुमति पत्र अनुसार तथा यस विद्यालयको विद्यालय व्यवस्थापन समितिको मिति २०७९/१२/०१ गतेको बैठक निर्णय अनुसार यस विद्यालयमा रिक्त रहेको तपशिलका पदहरुमा पदपूर्ति गर्नुपर्ने भएकोले तपशिलमा उल्लेखित योग्यता पुगेका इच्छुक नेपाली नागरिकबाट सुचना प्रकाशित भएको मितिले १५ दिन भित्र रितपूर्वक दरखास्त आव्हान् गरिन्छ ।

**तपशिल**

| क्र.सं. | विज्ञापन नं. | पद श्रेणी र संख्या | परीक्षा दस्तुर | शैक्षिक योग्यता | कै. |
|---|---|---|---|---|---|
| १ | ०७/०७९/०८० | प्रा.वि.राहत तृतीय पद संख्या: १ (एक) | १५०० ।– | १. मान्यता प्राप्त शैक्षिक संस्थाबाट +2 वा सो सरह उत्तीर्ण गरेको | |

- उमेर १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको ।
- तलब सुविधा: नेपाल सरकारले तोके बमोजिम ।
- छनौटको किसिम: लिखित, अन्तरर्वाता ।
- दरखास्तको अन्तिम मिति: २०७९/१२/१५ गते अपरान्ह ४:०० बजे सम्म ।
- सम्पर्क मिति: २०७९/१२/१६ गते ।
- आवश्यक कागजात: नागरिकताको प्रतिलिपी शैक्षिक योग्यता प्रमाणपत्रहरुका प्रतिलिपी र हस्त लिखित निवेदन ।
- परीक्षा मिति: सम्पर्क मितिमा तोकिने छ ।
- माथिल्लो योग्यता भएका उम्मेद्वारलाई प्राथमिकता दिइनेछ ।

अन्य जानकारीको लागि मो.न.प्र.अ. ९८४५६८७९९९, स.प्र.अ. ९८४६८७२६१८, वि.व्य.स.अ. ९८४५५३९७३० वा विद्यालयमा सम्पर्क गर्न सकिनेछ ।

**श्री देवकी माध्यमिक विद्यालय/प्राविधिक शिक्षालय**
**बागमती गाउँपालिका–५,**
**लिलादमार, ज्यामिरे**



## इन्जिनियरिङ तथा आर्किटेक्चर सेवाका लागि

हामी छौं सुन्दर नगरी हेटौंडामा



घरको नक्सा, डिजाइन, घरको थ्रीडी, डीपीआर, आइईई, ईआइए, इन्जिनियरिङ्ग सर्भे, लागत अनुमान, मूल्यांकन, स्टील स्ट्रक्चर, सम्पूर्ण निर्माणको कार्य, मास्टर प्लान, सुपरभिजन, इन्टेरियर डिजाइनको कार्यहरुका लागि सम्झनुहोस् ।

Group of Engineering Pvt. Ltd.

**केवी ग्रुप अफ इन्जिनियरिङ प्रालि**
हेटौंडा–२, नगरपालिकारोड
०५७–५२४६९४/९८४३०२८६३५



## हेटौंडा रिफरेन्स ल्याबरोटरी

ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।



Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।

(HRL)

**खुल्ने समय: विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म**

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५0 प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं ।

थप जानकारीको लागि **HRL**
**हेटौंडा रिफरेन्स ल्याबरोटरी,**
हेटौंडा–१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७–५२०४५७



## हेटौंडा खानेपानी व्यवस्थापन बोर्ड

हेटौंडा, मकवानपुर

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

*सूचना प्रकाशित मिति : २०७९/१२/०३*

यस बोर्डबाट विभिन्न स्थानहरुमा पाइप लाइन सुधार विस्तार कार्य गर्नको लागी देहाय बमोजिमको प्रस्तावदाताको प्रस्ताव स्वीकृत गर्ने आशयको लागी सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनको निमित्त यो सूचना प्रकाशित गरिएको छ ।

देहाय,

| सूचना नं. | कामको विवरण | प्रस्तावदाताको नाम र ठेगाना | प्रस्ताव अंक |
|---|---|---|---|
| HWSMB २–२०७९/०८० | विभिन्न स्थानहरुमा पाइप लाइन सुधार विस्तार कार्य | श्री बिन्ध्वासिनी पोलिमोल्ड प्रा.लि., सुर्यविनायक ५, भक्तपुर | रु. ६६,९३,३८३।३८ (मु.अ.कर समेत) |

# भेट्रान्स कपको उपाधि ७ नम्बर वडालाई



उपाधिसहित ७ नम्बर वडाको टिम ।

समाज संवाददाता

हेटौंडाः पशुपति भेट्रान्स क्लबको आयोजनामा भएको वडास्तरीय प्रथम मोहन श्रेष्ठ स्मृति ८ 'ए' साइड भेट्रान्स कप फुटबल प्रतियोगिताको उपाधि ७ नम्बर वडाले जितेको छ। बुधबार हेटौंडा–८ स्थित हेटौंडा औद्योगिक क्षेत्रको खेलमैदानमा भएको फाइनल खेलमा ४ नम्बर वडालाई टाइब्रेकरमा १-० गोलअन्तरले हराउँदै ७ नम्बर वडाले उपाधि जितेको हो।

७ नम्बर वडालाई उपाधि दिलाउन अमर गुरुङले टाइब्रेकरमा निर्णायक गोल गरे। निर्धारित समय गोलरहित बराबरी भएपछि खेल टाइब्रेकरमा धकेलिएको थियो। जितसँगै ७ नम्बर वडाले १ लाख ५ हजार ५ सय ५५ रुपैयाँ प्राप्त गरेको छ भने उपविजेता बनेको ४ नम्बर वडाले ५५ हजार ५ सय ५५ रुपैयाँमा चित्त बुझाएको छ।

प्रतियोगिताको सर्वोत्कृष्ट खेलाडी ७ नम्बरका ज्ञानु क्षेत्री घोषित भए। क्षेत्री उत्कृष्ट गोलरक्षक पनि घोषित भए। प्रतियोगितामा ४ गोल गरेका ४ नम्बर वडाका मनोज लामा सर्वाधिक गोलकर्ता भए। उत्कृष्ट फरवार्ड ७ नम्बरका राजेन्द्र थापा मगर, उत्कृष्ट मिडफिल्डर ४ नम्बरका प्रकाश थापा मगर, उत्कृष्ट डिफेन्डर ४ नम्बरका रणवीर थापा र उत्कृष्ट प्रशिक्षक ७ नम्बरका सोम तितुङ घोषित भए। विधागत उत्कृष्ट सबैले नगद ५ हजार ५ सय ५५ रुपैयाँ प्राप्त गरे।

हेटौंडा उपमहानगरपालिकाका उपप्रमुख राजेश बानियाँको प्रमुख आतिथ्यमा पुरस्कार वितरण समारोह भएको थियो। पुरस्कार वितरण समारोहमा वडा अध्यक्षहरुको पनि उपस्थिति रहेको थियो।

# व्यवसायीद्वारा कार्यकारी प्रमुखलाई ध्यानाकर्षण

समाज संवाददाता

हेटौंडाः कर्मचारीको सेवा प्रवाहप्रति असन्तुष्टि व्यक्त गर्दै निर्माण व्यवसायी संघ मकवानपुरले हेटौंडा उपमहानगर पालिकाका कार्यकारी प्रमुखलाई ध्यानाकर्षण गराएको छ। निर्माण व्यवसायीको फर्म नवीकरण तथा नामसारीको कार्यमा सम्बन्धित फाँटका कर्मचारीले अनावश्यक ढिलाई गरेको र कार्य गर्न अनिच्छुक भएको उल्लेख गर्दै निर्माण व्यवसायी संघ मकवानपुरका अध्यक्ष बालगोपाल कँडेलले बिहीबार बिहान कार्यकारी प्रमुख शिवराज चौलागाईलाई ध्यानाकर्षणपत्र बुझाउनुभएको हो।

सम्बन्धित फाँटका कर्मचारीले आफू अनुकूल काम गरी कसैको नामसारी गर्ने गरेको आरोप पनि व्यवसायीले लगाएका छन्। सोझासाझा व्यवसायीको फर्म नवीकरणमा भने कर्मचारीले आनाकानी गर्ने गरेको निर्माण व्यवसायी संघ मकवानपुरका महासचिव राजेन्द्र प्रसाद चौलागाईको हस्ताक्षरमा बुझाइएको ध्यानाकर्षणपत्रमा उल्लेख छ। संघले निर्माण व्यवसायीका काम–कारवाही नियमानुसार कार्यान्वयन गराउन पनि आग्रह गरेको छ।

व्यवसायीको ध्यानाकर्षणपत्र बुझ्दै कार्यकारी प्रमुख शिवराज चौलागाईले व्यवसायीले ध्यानाकर्षण गराएको कुरामा तुरुन्त छानविन गरी दोषी पाइए कर्मचारीलाई कारवाही गर्ने प्रतिवद्धता जनाउनुभएको छ। व्यवसायीले सम्बन्धित फाँटका कर्मचारी भनेर ध्यानाकर्षण गराए पनि कर्मचारीको नाम भने खुलाएको छैन।

**बालबालिकालाई मैत्रीपूर्ण वातावरणमा पढन, लेख्न सिकाउन अभिभावक जिम्मेवार बनौं।**

# पिप्ले–क्याम्पा रंगशालामा पालिकास्तरीय फुटबल




समाज संवाददाता

हेटौंडाः जिल्ला खेलकुद विकास समिति मकवानपुर र जिल्ला समन्वय समिति (जिसस) मकवानपुरको संयुक्त आयोजनामा पर्सी शनिवारदेखि हेटौंडामा दोस्रो संस्करणको अन्तरपालिका फुटबल प्रतियोगिता हुने भएको छ। हेटौंडा–५ स्थित पिप्ले–क्याम्पा रंगशालामा आयोजना हुने प्रतियोगितामा जिल्लाका १० वटै पालिकाको फुटबल टिम सहभागी हुनेछ।

मकवानपुर जिल्ला खेलकुद विकास समितिले बिहीबार पत्रकार सम्मेलनको आयोजना गरी प्रतियोगिताको विषयमा जानकारी गराएको छ। प्रतियोगिताको सम्पूर्ण तयारी पूरा भइसकेको मकवानपुर जिल्ला खेलकुद विकास समितिका अध्यक्ष भेष खड्गीले जानकारी दिनुभएको छ। प्रतियोगिताको फाइनल खेल चैत ११ गते हुनेछ। प्रतियोगिताका लागि जिल्ला समन्वय समिति (जिसस) मकवानपुरले नगद ७ लाख रुपैयाँ बजेट विनियोजन गरेको छ।

प्रतियोगिताको विजेताले २ लाख रुपैयाँ नगदसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछ भने उपविजेताले नगद एकलाख रुपैयाँसहित शिल्ड, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछ। सर्वोत्कृष्ट खेलाडिलाई नगद १० हजार रुपैयाँ, सर्वाधिक गोलकर्तासहित अन्य विधागत उत्कृष्ट खेलाडि र प्रशिक्षकलाई जनही नगद ५ हजार रुपैयाँसहित ट्रफी प्रदान गरिने छ।

प्रतियोगिताको उद्घाटन खेल कैलाश गाउँपालिका र भीमफेदी गाउँपालिकाबीच हुनेछ। गत वर्ष सम्पन्न पहिलो संस्करणको अन्तरपालिका फुटबल प्रतियोगिताको उपाधि थाहा नगरपालिकाले जितेको थियो।

# सरस्वती आधारभूत विद्यालय व्यवस्थापन समितिमा रुम्बा



समाज संवाददाता

हेटौंडाः मकवानपुरगढी–५, बुद्दलमा रहेको सरस्वती आधारभूत विद्यालयको व्यवस्थापन समिति अध्यक्षमा अर्जुनबहादुर रुम्बा चयन हुनुभएको छ। बिहीबार भएको विद्यालय व्यवस्थापन समिति सदस्यको बैठकले रुम्बालाई अध्यक्षमा सर्वसम्मत चयन गरेको हो।

बुधबार विद्यालयको ३७ औं अभिभावक भेलाले विद्यालय व्यवस्थापन समितिको सदस्यमा ४ जनालाई सर्वसम्मत चयन गरेको थियो। भेलाले प्रेमबहादुर तितुङ, हिमबहादुर दोङ, विविमाया स्याङ्बो, बिना दोङलाई सदस्यमा चयन गरेको हो। उक्त समितिको सदस्यको बैठकले २ जना सदस्यलाई समेत मनोनित गरेको छ। गणेशबहादुर वाइबा र पूर्ण पाखिनलाई सदस्यमा मनोनित गरेको हो।

यसैगरी वडाप्रतिनिधिमा पालिकाका सदस्यसमेत रहनुभएका अध्यक्ष रुम्बा नै रहने व्यवस्था गरिएको छ। शिक्षक प्रतिनिधिमा मैयाकुमारी गौतमलाई चयन गरिएको छ। विद्यालयका प्रधानाध्यापक चतुर्भुज पौडेल विद्यालय व्यवस्थापन समितिको सदस्यसचिव रहनुभएको छ।

विद्यालय व्यवस्थापन समितिका निवर्तमान अध्यक्ष प्रेमबहादुर तितुङको सभाध्यक्ष तथा मकवानपुरगढी गाउँपालिकाका अध्यक्ष दोर्जे लामा स्याङ्तानको प्रमुख आतिथ्यमा भेला भएको हो। भेलालाई सम्बोधन गर्नुहुँदै अध्यक्ष स्याङ्तानले नियमितरुपमा विद्यालयमा बालबालिकालाई पठाउन अभिभावकहरुलाई आग्रह गर्नुभयो।

अभिभावकको तर्फबाट सुन्तलीमाया बल्ले सरसफाइलाई विशेष ध्यान दिई नियमितरुपमा बालबालिकालाई विद्यालय पठाउनु अभिभावक दायित्व रहेको बताउनुभयो। भेलामा नियमित आफ्ना बालबालिकालाई विद्यालय पठाएको भन्दै ३ जना अभिभावकलाई सम्मानित गरिएको छ। अस्मिता स्याङ्तान, विविमाया स्याङ्बो र विनिता लोलाई स्टेशनरी सामग्रीसहित सम्मान गरिएको प्रधानाध्यापक पौडेलले जानकारी दिनुभयो।

भेलामा मकवानपुरगढी–५ का वडाध्यक्ष दिपेश दाहालको विशिष्ट आतिथ्य रहेको थियो। कक्षा–५ सम्म पठनपाठन हुने सरस्वती आधारभूत विद्यालयमा ७५ जना विद्यार्थी अध्ययनरत छन्।

# दुर्घटनामा तीनजनाको मृत्यु

समाज संवाददाता

हेटौंडाः मकवानपुर जिल्लाको विभिन्न स्थानमा भएको दुर्घटनामा परी ३ जनाको मृत्यु भएको छ। मंगलबार बेलुका ७ बजे बकैया गाउँपालिका–१२, खोरभञ्ज्याङस्थित भित्र कच्ची सडकखण्डमा ना ८ ख ५३३५ नम्बरको टिपर आफैं अनियन्त्रित भई सडकबाट ९ सय मिटर तल जङ्गलको खोल्सामा खसी दुर्घटना भएको थियो।

दुर्घटनामा टिपर चालक मकवानपुर गढी–२, अदुवाखर्कका २८ वर्षीय चन्द्र योन्जनको मृत्यु भएको प्रहरी नायव उपरीक्षक (डीएसपी) टेकबहादुर कार्कीले जानकारी दिनुभयो। टिपर शिवम सिमेन्ट फ्याक्ट्रिको चप्की ढुङ्गाखानीमा ढुङ्गा लोड गर्न जाने क्रममा दुर्घटना भएको हो। टिपरमा चालक मात्र रहेको प्रहरीको भनाइ छ।

यसैगरी बुधवार बिहान करिब ६ बजे हेटौंडा–११, थानाभञ्याङमा ट्रकले ठक्कर दिंदा ४० वर्षीया एक महिलाको मृत्यु भएको छ। पूर्व–पश्चिम राजमार्ग खण्डको नवलपुरतर्फबाट हेटौंडातर्फ आउँदै गरेको मधेश प्रदेश ०३-००१ च ६९४३ नम्बरको ट्रकको ठक्करबाट गम्भीर घाइते महिलालाई उपचारका लागि हेटौंडा अस्पताल लगिएकोमा अस्पताल पुग्नेबित्तिकै डाक्टरले मृत घोषणा गरेको प्रहरीको भनाइ छ। मृतक हेटौंडा–१४, नयाबस्तीकी ५० वर्षीया शान्तिमाया मोक्तान भएको प्रहरीले जनाएको छ। ठक्कर दिने सवारी र चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ।

यता मकवानपुरको भीमफेदी गाउँपालिकामा अर्को दुर्घटना हुँदा एकजनाको मृत्यु भएको छ। दुर्घटनामा परी अटोचालक भीमफेदी–२, भैंसेका ६५ वर्षीय सुब्बा बज्यु तामाङको घटनास्थलमै मृत्यु भएको प्रहरीले जनाएको छ। बुधवार मध्यान्ह १२ बजेको समयमा भीमफेदी गाउँपालिका–४, गुन्डेडस्थित भित्रि सडकखण्डमा सानो गुन्डेडबाट भैंसेतर्फ आउँदै गरेको ना २ ह ४६८९ नम्बरको अटो आफैं अनियन्त्रित भई सडकबाट अन्दाजी ९० मिटर तल खोल्सीमा खसी दुर्घटना भएको मकवानपुर प्रहरीले जनाएको छ।

## कर्जा चुक्ता गर्न जारी गरिएको १५ दिने सूचना

*तेश्रो पटक प्रकाशित मिति (२०७९/१२/०३ गते)*

यस चौघडा बचत तथा ऋण सहकारी संस्था लि. को मिति २०७९/११/०५ गते पत्रिकामा प्रकाशित दोश्रो पटकको जारी सूचनाको आधारमा कतिपय ऋणी सदस्यहरु ऋण तिर्न आउनु भएको र बाँकीको हकमा थप समय प्रदान गर्न माग भई आएकोले यो सूचना जारी भएको मितिले १५ दिन भित्र संस्थामा आई ऋणी सदस्यहरुले आफ्नो ऋणको बाँकी सावा ब्याज एवं हर्जाना तिर्न आउनुहुन यो सूचना प्रकाशित गरिएको छ।

यदि उक्त समयमा पनि ऋण तिर्न बेवास्ता गर्नुहुने ऋणी सदस्यहरुलाई आवश्यक कानुनी प्रक्रिया अगाडी बढाईने, सामाजिक संजालमा मार्फत तथा सार्वजनिक स्थलमा नाम टाँस गर्ने र पत्रपत्रिका मार्फत पनि नाम सार्वजनिक गर्ने जस्ता कार्यहरु अवलम्बन गर्न संस्था बाध्य हुने र यसबाट ऋणी सदस्यहरुको मानमर्यादामा आँच पुग्न गए ऋणी सदस्य आफैं जिम्मेवार रहने तथा यस सम्बन्धमा संस्थाको कुनै प्रकारको जवाफदेहिता नरहने पनि यसै सूचना मार्फत जानकारी गराईन्छ।

**चौघडा बचत तथा ऋण सहकारी संस्था लि.**
हेटौंडा ६ चौघडा (मुख्य कार्यालय)
तथा भुवनेश्वर सेवा केन्द्र हेटौंडा ४

## कर्मचारी आवश्यकता

*(प्रथमपटक सूचना प्रकाशित मितिः २०७९/१२/०३ गते)*

श्री माध्यमिक विद्यालय, राक्सिराङ–८ का लागि एक जना विद्यालय सहायक कर्मचारी आवश्यक भएकोले मिति २०७९ साल फागुन ३० गते विद्यालय व्यवस्थापन समितिको निर्णयअनुसार रिक्त पदमा पदपूर्तिका लागि यो सूचना प्रकाशित गरिएको छ। योग्यता पुगेका नेपाली नागरिकबाट यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र आवेदन दिनुहुन यो सूचना प्रकाशित गरिएको छ।

विज्ञापन नं.: १/२०७९/८०
शैक्षिक योग्यताः १२ कक्षा उत्तीर्ण।
उमेरः ४० ननाघेको।
तलब स्केलः नेपाल सरकारले तोके बमोजिम
परीक्षा दस्तुरः १०००/-
पदः विद्यालय सहायक कर्मचारी
स्थानीय, कम्प्युटर जान्नेलाई प्राथमिकता

आवश्यक कागजातहरुः
१) नेपाली नागरिकताको प्रतिलिपि १ प्रति।
२) शैक्षिक योग्यताको प्रमाणपत्र १ प्रति।
३) निवेदन।

प्रधानाध्यापक
९८४५२९३०९१

## हार्दिक समवेदना



स्व. माइला लामा

जन्मः १९९४ स्वर्गारोहणः २०७९/११/२२

नेपाली कांग्रेस मकवानपुरका सभापती आदरणीय बुद्ध लामा ज्यूको पुजनीय पिता **माइला लामा**को यहि मिति २०७९ फागुन २२ गते ८५ बर्षको उमेरमा असामयिक निधनको खबरले हामी अत्यन्त दुखित छौं। यस दुखद घडीमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै शोक सन्तप्त परिवारप्रति हार्दिक समवेदना व्यक्त गर्दछौं।

रमेश कुमार कोइराला, व्यवस्थापक
**दिव्य तारा बहुउद्देश्यीय सहकारी संस्था लि.**
हेटौंडा–२, पल्पसारोड

## हार्दिक समवेदना



स्व. माइला लामा

जन्मः १९९४ स्वर्गारोहणः २०७९/११/२२

नेपाली कांग्रेस मकवानपुरका सभापती आदरणीय बुद्ध लामा ज्यूको पुजनीय पिता **माइला लामा**को यहि मिति २०७९ फागुन २२ गते ८५ बर्षको उमेरमा असामयिक निधन भएको खबरले मर्माहत भएको छु। यस दुखद घडीमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै शोकसन्तप्त परिवारजनप्रति हार्दिक समवेदना व्यक्त गर्दछु।

अर्जुन प्रसाद चौलागाई
जिल्ला प्रवक्ता
**नेपाली कांग्रेस मकवानपुर**

समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौंडा–४, अजरअमररोड, ०५७–५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ